बैठक संख्याः१६
मितिः२०८१।०९।२१
समयःबिहान ८ बजे
स्थानः कनकासुन्दरी गाउँपालिका जुम्ला ।

उपरोक्त मिति, समय र स्थानमा कनकासुन्दरी गाउँपालिकाका अध्यक्ष श्री दामोदर प्रसाद आचार्य ज्यू को अध्यक्षतामा तपशिलमा उल्लेखित वडा अध्यक्षहरु र कार्यपालिकाका सदस्यहरु समेतको उपस्थितिमा बसेको बैठकले देहाय बमोजिमका निर्णयहरु गरियो।

तपशिलः

| सि. नं. | नामथर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री दामोदर प्रसाद आचार्य | अध्यक्ष | | |
| २. | श्री प्रेमकली बुढा | उपाध्यक्ष | | |
| ३. | श्री बिमला भण्डारी | का.वा. वडा अध्यक्ष १ नं. | विमला | |
| ४. | श्री गोरखे बुढा | का.वा. वडा अध्यक्ष २ नं. | | |
| ५. | श्री भैर बहादुर बुढा | वडा अध्यक्ष ३ नं. | | |
| ६. | श्री धनमान सिंह हमाल | वडा अध्यक्ष ४ नं. | | |
| ७. | श्री बिष्णु बहादुर बडुवाल | वडा अध्यक्ष ५ नं. | | |
| ८ | श्री प्रेम बहादुर पछाई | वडा अध्यक्ष ६ नं. | | |
| ९ | श्री तुल्सी रोकाया | का.वा. वडा अध्यक्ष ७ नं. | | |
| १०. | श्री धन बहादुर कामी | वडा अध्यक्ष ८ नं. | | |
| ११. | श्री सुर्य बहादुर घर्ती | कार्यपालिका सदस्य | | |
| १२. | श्री चन्द्रकली बुढा | कार्यपालिका सदस्य | | |
| १३. | श्री बिजुली बुढा | कार्यपालिका सदस्य | | |
| १४. | श्री जौसरा कामी | कार्यपालिका सदस्य | | |
| १५. | श्री पदमकन्या कामी | कार्यपालिका सदस्य | | |
| १६. | श्री छैटकला सार्की | कार्यपालिका सदस्य | | |
| १७. | श्री दिपेन्द्र भण्डारी | प्रमुख प्रशासकीय अधिकृत | | |

निर्णय नं १ माथि छलफल गर्दा यस कनकासुन्दरी गाउँपालिका वडा  नं १ मा निर्माणाधिन अवस्थामा रहेको कुलदेख आधारभुत विद्यालय न्याउरिघाट भवन निर्माण योजना आ व २०७८।०७९ मा संघीय सरकार विशेष अनुदान रकमबाट टेन्डर आवहान भई न्युनतम अंङ्क कबोल गर्ने भिजन निर्माण सेवासँग भएको सम्झौता बमोजिम २०७९ असार मसान्त सम्म प्रथम रनिङ्ग विलका आधारमा रकम भुक्तानि भएको तथा बाँकि कार्य गर्नका लागि बजेट अपुग भई सो कार्यसम्पन्न गर्न नसकिएको तथा कार्य सम्पन्न गर्नका लागि भिजन निर्माण सेवाले मिति २०८१।०८।१३ गते दिएको निवेदन अनुसार यस कनकासुन्दरी गाउँपालिका को मिति २०८१।०८।०७ गतेको कार्यपालिकाको वैठकले सो निर्माण कार्यको कार्यसम्पन्न गर्नका लागि बजेट विनियोजन गर्ने भएकोले सो निर्माण कार्य गर्नका लागि मिति २०८२।०३।१५ गते सम्मका लागि सो निर्माण कार्यको कार्य सम्पन्न गर्न म्याद थप गरिएको निर्णय सर्व सहमतिले पारित गरियो ।

निर्णय नं २ माथि छलफल गर्दा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरणा विभागको व्यक्तिगत घटना दर्ताको पुर्णता मापन तथा घोषणा कार्यक्रम अन्तरगत यस कनकासुन्दरी गाउँपालिकामा यस भन्दा अगाडी दर्ता भएका घटनाहरु डिजिटाइजेशन भईसकेको साथै अव उप्रान्त दर्ता हुने व्यक्तिगत घटनाहरु पुर्ण रुपमा अन्लाइन दर्ता गरर्ने व्यवस्था रहेकोले पुर्ण व्यक्तिगत घटना दर्ता मापन तथा घोषणाको लागि विभागमा अनुरोध गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

निर्णय नं ३ माथि छलफल गर्दा यस  कनकासुन्दरी गाउँपालिकाको आ व २०८०।०८१ को स्थानीय तहको स्वःमुल्याङ्कन (LISA) को वार्षिक नतिजा प्रकाशन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

निर्णय नं ४ माथि छलफल गर्दा यस कनकासुन्दरी गाउँपालिकामा विभिन्न मितिमा प्राप्त भएका औषधि उपचार खर्च पाउँ भनि आएका निवेदन र सम्बन्धित वडाबाट प्राप्त भएको सिफारिस अनुसार निजहरुको स्वास्थ्य अवस्था हेरि क्रमस २० हजार ,१५ हजार र १० हजार का दरले गाउँपालिकाको विपद कोषबाट व्ययभार हुने गरि भुक्तानि गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

निर्णय नं ५ माथि छलफल गर्दा यस कनकासुन्दरी गाउँपालिका वडा नं १ मा न्याउरिघाट देखि रिया सम्म जाने बाटोको बिचमा पानि पहिरोले दह निर्माण भई बाटो अवरुद्ध भई सडक विस्तार गरि सडक खुलाएको हुँदा सो बाटो खुलाउन लागेको खर्च हिमाखोला दह कटान वडा नं १ गाग्रेगाडा योजना निर्माणको ~~[illegible]~~ गाउँपालिकाको निर्माण मर्मत तथा विविध व्यवस्थापन शिर्षकबाट व्ययभार हुने गरि रु ५,००,०००  पाँच लाख रुपैया  मात्र भुक्तानि गर्ने निर्णय सर्व सहमतिले पारित गरियो ।

निर्णय नं ६ माथि छलफल गर्दा यस कनकासुन्दरी गाउँपालिका वडा नं ४ मा रहेको कालिका आधारभुत विद्यालयका लागि आन्तारीक व्यपस्थापन गर्न यस गाउँपालिकामा रहेको मर्मत तथा विविध व्यवस्थापन शिर्षकबाट व्ययभार हुने गरि रु २,००,००० दुई लाख रुपैयाँ मात्र बजेट विनियोजन गर्ने निर्णय सर्व सहमतिले पारित गरियो ।

निर्णय नं ७ माथि छलफल गर्दा यस कनकासुन्दरी गाउँपालिकामा संचालन गरिने विशेष आयोजना तथा कार्यक्रम प्रदेश सरकार तथा संघीय सरकारमा माग गर्ने निर्णय सर्पसहमतिले पारित गरियो ।

**संघीय सरकार मा माग गर्ने योजना**

१.कनकासुन्दरी मा वि फिल्ड निर्माण तथा प्याराफिट निर्माण

२.लौडिसिम देखि प्यालचौरसम्म तटबन्धन

३.बन्दिराज सिंचाई कुलो

**प्रदेश सरकारमा माग गर्ने योजना**

१.साउवाडा आ वि भवन निर्माण

२.बुढुचौतारा मा वि भवन निर्माण